"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"
# सूर्योदय नगरपालिका
# SURYODAYA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

**प.सं. ०८०/०८१**
**च.नं.**

### शोक बिदा सम्बन्धी सूचना

वि.सं. २०५९ साल भाद्र २८ गते सरकारी सेवामा स्थायी नियुक्ति भई मिति २०७६।०७।१८ गतेदेखि हालसम्म सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत गोर्खे स्वास्थ्य चौकी, सू.न.पा. १ मा सि.अ.न.मि. (सहायक पाँचौ) पदमा कार्यकुशलतापूर्वक एवम् कर्तव्यनिष्ठका साथ कार्यसम्पादन गरिरहनुभएका **श्री कल्पना राई**को आज मिति २०८१।०२।०८ गते असामयिक निधन भएको खबरले सिङ्गो सूर्योदय नगरपालिका परिवार अत्यन्तै मर्माहत र स्तब्ध भएको छ। आफ्नो कार्यकालभर राष्ट्रसेवकको रुपमा पुऱ्याउनुभएको योगदान साथै सूर्योदय नगरपालिका र नगरवासीप्रति गर्नुभएको सेवा र योगदान स्मरणीय छ। शोकको यस घडीमा दिवङ्गत आत्माको चिरशान्तीको कामना गर्दै शोकसन्तप्त परिवारजन एवम् आफन्तजनप्रति सूर्योदय नगरपालिका गहिरो समवेदना प्रकट गर्दछ। साथै भोलि मिति २०८१।०२।०९ गते सूर्योदय नगरपालिका अन्तर्गतको नगर अस्पताल एवम् सबै वडाका स्वास्थ्य संस्थाबाट प्रवाह हुने आकस्मिक सेवा बाहेकका सेवा र सू.न.पा. १ नं. वडा कार्यालयबाट प्रवाह हुने अत्यावश्यक बाहेकका सेवा प्रवाह बन्द हुने गरी शोक बिदा दिइएको व्यहोरा मिति २०८१।०२।०८ गतेको (का.वा. नगर प्रमुखस्तरीय) निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

मिति: २०८१।०२।०८ गते

०८।१।२८

मिलन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत



CamScanner